राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस विज्ञप्ति

२०७६ पुस २

## सन्दर्भ : अन्तर्राष्ट्रिय आप्रवासन दिवस (डिसेम्बर, १८)
## राष्ट्रिय मानव अधिकार आयोग र निर्वाचन आयोगका पदाधिकारीहरुबीच छलफल

अन्तर्राष्ट्रिय आप्रवासन दिवस (डिसेम्बर १८) को सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोग र निर्वाचन आयोगका पदाधिकारीहरुबीच विशमा रहेका नेपाली नागरिक तथा आप्रवासी कामदारहरुको मतदानको अधिकारको विषयमा आज छलफल भएको छ । छलफलको क्रममा आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले मानव अधिकार र आवधिक निर्वाचन लोकतन्त्रको कडी रहेको सन्दर्भमा लाखौं संख्यामा नेपाली नागरिकहरु बैदेशिक रोजगारीको क्रममा रहेको बताउँदै उनीहरुको मतदानको अधिकार संरक्षण गर्ने दायित्व नेपाल सरकार तथा निर्वाचन आयोगको रहेको भनाइ राख्नुभयो ।

निर्वाचन आयोगका माननीय प्रमुख आयुक्त दिनेश कुमार थपलियाले विदेशमा रहेका नेपालीहरुको मतदानको अधिकारको विषयमा राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस, सर्वोच्च अदालतको परमादेश र कार्यदलको अध्ययन प्रतिवेदनको सुझाव समेतलाई निर्वाचन आयोगले संवेदनशीलरुपमा लिंदै ऐन संशोधनको प्रक्रिया अगाडि बढाएको जानकारी गराउनुभयो । साथै, उहाँले निर्वाचन ऐन मस्यौदा तयार भैरहेको अवस्थामा राष्ट्रिय मानव अधिकार आयोगले नेपाल सरकारलाई सिफारिस तथा यस विषयमा बहस चलाएर सहयोग गर्न समेत आग्रह गर्नुभयो । सो क्रममा आयोगका माननीय सदस्य सुदिप पाठकले आप्रवासी कामदारहरुको मतदानको अधिकार मानव अधिकारको विषय भएकोले अन्य देशहरुको अनुभव समेत अध्ययन गरी प्रक्रिया अगाडि बढाउन सुझाव दिनुभयो ।

छलफलमा निर्वाचन आयोगका माननीय आयुक्तहरु नरेन्द्र दाहाल, इश्वरी पौडेल, सचिव देव कुमारी गुरागाईं, सहसचिवहरु, राष्ट्रिय मानव अधिकार आयोगका निर्देशक, उपनिर्देशकहरु लगायतको उपस्थिति रहेको थियो ।

## आयोगद्वारा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अनुगमन

राष्ट्रिय मानव अधिकार आयोगले आज अन्तर्राष्ट्रिय विमानस्थलको अनुगमन गरेको छ। आयोगका माननीय सदस्य सुदिप पाठक नेतृत्वको टोलीले अन्तर्राष्ट्रिय विमानस्थलको श्रम कक्ष, अध्यागमन कक्ष तथा सुरक्षा जाँचबुझ कक्षको अनुगमन गरेको छ । अनुगमनको क्रममा बैदेशिक रोजगारमा जाने कामदारहरुसँग बैदेशिक रोजगारीमा जाने क्रममा अपनाईएका प्रक्रियाहरु, आवश्यक कागजातहरु प्राप्त गर्न लागेको समय एवं उनीहरुले भोग्नुपरेका समस्या, कानूनी प्रक्रिया तथा न्यायमा पहुँचको बारेमा सोधपुछ गरी जानकारी लिइएको थियो ।

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal
Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग
# National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


फ्री भिसा फ्री टिकटको पूर्ण कार्यान्वयन नभएको, तालीम तथा अभिमुखीकरणको अभावले गन्तव्य मुलुकको स्थानीय भाषा, संस्कृति एवं कानूनको पर्याप्त जानकारी नभएको, कामदारहरुमा दक्षताको अभाव रहेको, कतिपय कामदारहरुसँग करारपत्र नभएको, विशेषगरी महिला कामदारहरुलाई कामको बारेमा जानकारी नभएको र समस्या पर्दा कहाँ कसरी सम्पर्क समन्वय गर्ने भन्ने विषयमा समेत जानकारी नभएको लगायतका तथ्यहरु अनुगमनको क्रममा पाईएको छ ।

अतः आप्रवासी कामदारहरुसँग सम्बन्धित समस्या समाधानका लागि प्रभावकारी योजना तथा कार्यक्रमहरु ल्याउन, भएका कानूनहरुको प्रभावकारी कार्यान्वयन गर्न, नेपालमै रोजगारीको सृजना गर्न, द्वीपक्षीय श्रम सम्झौता विस्तार गर्न, घरेलु महिला कामदारहरुको लागि सुरक्षाको प्रबन्ध मिलाई प्रतिबन्ध हटाउन, आप्रवासी नेपाली कामदारहरुको अधिकारको संरक्षणका लागि लगानि वृद्धि गर्न नेपाल सरकारलाई आयोग आग्रह गर्दछ । साथै, सबै सरोकारवालाहरुको संयुक्त प्रयासबाट मात्र आप्रवासी कामदारहरुको अधिकार संरक्षण सम्भव हुनेमा विश्वस्त हुँदै सहकार्य र समन्वयमार्फत् अगाडि बढ्न आयोग सबै सरोकारवालालाई आग्रह गर्दछ ।

अनुगमन टोलीमा अध्यागमन विभाग र बैदेशिक रोजगार विभागका महानिर्देशक, वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक, त्रिभुवन विमानस्थलका सुरक्षा प्रमुख, आयोगका निर्देशक, उपनिर्देशक लगायत आयोगका अधिकृतहरु रहेका थिए ।

..................

मुरारिप्रसाद खरेल
निर्देशक


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal
Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org